जनहित असल शासन क्लब कुरुलेतेनुपा धनकुटाको प्रकाशन

# सुशासन दर्पण

बुलेटिन

वर्ष २ अंक ३ (पौष २०७२) Website : janahitggc.org.np




जनहित असल शासन क्लबः संक्षिप्त जानकारी पृष्ठ २ मा | स्थानीय शासन उत्तरदायी संयन्त्र (LGAF) सम्बन्धी जानकारी पृष्ठ ३ मा

# जनहित असल शासन क्लबः संक्षिप्त जानकारी

**परिचय :** जनहित असल शासन क्लब, कुरूले तेनुपा, धनकुटा विगत १५ वर्षदेखि धनकुटा जिल्लामा असल शासनको क्षेत्रमा क्रियाशील जिल्लास्तरीय गैर सरकारी संस्था हो । यो संस्था २०५७ सालमा स्वीस विकास सहयोग नियोगको सहयोगमा सञ्चालित असल शासन परियोजना अन्तरगत असल शासन रेडियो श्रोता क्लबको रूपमा कुरूले तेनुपा गाविसमा गठन भई मिति २०६४ सालमा जिल्ला प्रशासन कार्यालय, धनकुटामा दर्ता र समाज कल्याण परिषद्, काठमाडौमा आबद्ध भई हालसम्म क्रियाशील रहँदै आएको छ ।

यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, मानव अधिकार, सामाजिक परिचालन, शान्ति निर्माण प्रक्रिया, वातावरण, अधिकारमा आधारित वकालत, अनुसन्धानमुलक अभियान, लैङ्गिक समता विकास जस्ता क्षेत्रहरूमा कार्य गर्दै आएको छ । सामाजिक जवाफदेहिता वहन गर्न गराउनका लागि सार्वजनिक सुनुवाई, सामाजिक लेखा परीक्षण, सार्वजनिक खर्च पछ्याउने सर्वेक्षण, नागरीक प्रतिवेदन पत्र सर्वेक्षण, हेल्प डेक्स, गुनासो चौतारी, क्षमता अभिवृद्धि तालिम, गाऊँ, इलाका, जिल्लास्तरीय गोष्ठी, अन्तरक्रिया, पर्चा पम्प्लेट नागरीक वडापत्र प्रकाशन तथा वितरण, रेडियो कार्यक्रम उत्पादन प्रशारण जस्ता कार्यक्रमहरू व्यवहारिक प्रयोग गर्दै आएको छ । यस संस्थाले पहिलो पटक धनकुटा जिल्लामा सर्बसाधारणको पहुँच अधिकारमा बस्नेहरूसम्म विषयक सार्बजनिक बहसको आयोजना गरी २०६० सालमा सार्बजनिक सुनुवाईको संस्थागत सुरूवात गरेको पाइन्छ । यस संस्थाको केन्द्रीय कार्यालय धनकुटा जिल्लाको कुरूले तेनुपा गाविसमा रहेको छ भने धनकुटा नगरपालिकामा सम्पर्क कार्यालय र परियोजना कार्यालय रहेको छ । साथै काठमाडौको कपन, संखुवासभाको खाँदवारी, मोरङ्गको विराटनगर, ताप्लेजुङ्ग, ओखलढुंङ्गा, तेह्रथुम र भोजपुर जिल्लाहरूमा समेत शाखा कार्यालयहरू स्थापना भइसकेको छ । यस संस्थाले सार्बजनिक सेवा प्रवाहमा जनताको पहुँच अभिवृद्धिको लागि नागरीक समाजको तर्फबाट नागरीकहरूलाई सचेत गराउने तथा सार्वजनिक सरोकारका विषयहरूमा प्रभावकारी नागरीक अनुगमनको भुमिका निर्वाह गर्दै आएको छ ।

**परिकल्पना :** सबै तहका नागरीकहरू तथा नागरीक समाज संस्थाहरू असल शासन, सामाजिक जवाफदेहिता, मानव अधिकार, शान्ति, न्यायका लागि जानकार, सशक्त र सचेत भएका हुनेछन् ।

**ध्येय :** सबै तहको निर्णय प्रक्रियामा सिमान्तकृत वर्ग, समुह, समुदायहरूको सहभागिता, नागरीक संलग्नता, पारदर्शीता, सामाजिक समावेशीकरण, समावेशी लोकतन्त्र, मानव अधिकार, शान्ति निर्माण, असल शासन र सामाजिक जवाफदेहिता प्रवर्द्धन भएको हुनेछ ।

**लक्ष्य :** पिछडिएको तथा वञ्चितिकरणमा परेको समुदायलाई सार्वजनिक सेवा, वस्तु, साधन स्रोतहरूमा समतामुलक पहुँच तथा निर्णय प्रक्रियामा अर्थपुर्ण सहभागिता र सार्वजनिक सेवा प्रवाहको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन प्रक्रियामा केन्द्र, क्षेत्र, जिल्ला र स्थानीय तहसम्म सक्रिय सहभागीताको लागि सुसुचित, शिक्षित र सशक्तिकरण गर्नु ।

**उद्धेश्य :**

- स्थानीय स्तरमा क्रियाशील नागरीक समाज संस्थाहरूको प्राविधिक, संस्थागत, आर्थिक, वकालतीय क्षमता विकासमा सहयोग गर्नु,
- अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूसंगको सहकार्यमा नागरीक समाज संस्थाहरूको दीगो विकासका लागि संघसंस्थाहरूभित्र पारदर्शीता र सामाजिक जवाफदेहिताको सुनिश्चितता गर्नु,
- सरकारी निकायहरू, गैससंहरूसँगको सहयोग,समन्वय,

सहकार्यमा स्वास्थ्य, शिक्षा, सञ्चार लगायत सम्पुर्ण ऐन, नियम, कानुनहरूको कार्यान्वयनको लागि सचेतना अभियान सञ्चालन गरी कानुन कार्यान्वयनका लागि समन्वयकारी भुमिका निर्वाह गर्नु,

- प्रकाशन, प्रशारणका लागि सञ्चार माध्यमको प्रयोग, वकालतीय अभियान, सञ्जाल निर्माण, संघ महासंघ गठन, सार्वजनिक सुनुवाई जस्ता माध्यमहरूको प्रयोग गरी मानव अधिकार, शान्ति र सुशासनको प्रबर्द्धन गर्नु,
- सार्बजनिक सरोकारको विषयमा सामाजिक परिचालन, अनुसन्धानमुलक कार्यहरू सञ्चालन गर्नु,

# स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम LGCDP र स्थानीय शासन उत्तरदायी संयन्त्र (LGAF) को परिचय

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एल.जि.सि.डि.पि.) पहिलो चरण सन् (२००८-२०१३) को उपलब्धिहरूमाथि आधारित भई १६ जुलाई २०१३ देखि दोश्रो चरण कार्यन्वयनमा रहेको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले "स्थानीय शासन सामुदायिक विकास कार्यक्रम" (एल.जि.सि.डि.पि.)दोस्रो चरणलाई अग्र राष्ट्रिय कार्यक्रम ढाँचाको रूपमा कार्यान्वयन गरेको छ । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको प्रमुख लक्ष्य स्थानीय निकायमा असल शासन र सामुदायिक विकासका माध्यमवाट गरिवी घटाउनु रहेको छ । यस कार्यक्रमको उद्देश्य प्रभावकारी सेवाका लागि स्थानीय निकायको हालको अवस्थामा सुधार गरि सुशासन निर्माण गर्नुका साथै नागरिक तथा समुदायको सशक्तिकरणमा टेवा पुऱ्याउनु हो । स्थानीय निकाय र सामुदायिक विकासका लागि LGCDP एउटा साझा चौतारीका रूपमा संरचित गरिएको छ । समता, अनुदान, समरूपता, एकता, सहभागिता र संलग्नता, आपसी जवाफदेहिता तथा तल्लो निकायप्रति जवाफदेहिता र पारदर्शीता, आदि दोस्रो चरण कार्यक्रमहरूको प्रमुख सैद्धान्तिक अवधारणाहरू हुन् । स्थानीय शुसासन तथा सामुदायिक बिकास मार्फत गरिबी न्युनीकरणमा योगदान पुऱ्याउने लक्ष्यका साथ प्रभावकारी सेबा र नागरिक सशक्तिकरणका लागि स्थानीय सरकारको सुधार गर्ने उद्देश्य LGCDP को रहेको छ ।

स्थानीय शासन उत्तरदायी संयन्त्र (LGAF) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमकै एक अंगको रूपमा रहेको छ । स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रमको उपलब्धि २ पूरा गर्नेतर्फ यसका त्रियाकलापहरू संचालित छन् । स्थानीय निकाय एवं सार्वजनिक सेवा प्रदायक निकायहरूमा नागरिक तथा नागरिक समाजको सकारात्मक , सृजनात्मक र आलोचनात्मक सहभागिता बृदि गर्न एलजिएएफले सहयोग गरेको छ । एल जि ए एफ को लक्ष्य स्थानीय निकायवाट प्रदान गरिने सेवा, स्थानीय शासन प्रकृया एवम् विकास निर्माण कार्यलाई पारदर्शी, समावेशी, गुणस्तरीय, प्रभावकारी र सेवाग्राहीमैत्री बनाउन गैर सरकारी संस्था तथा नागरिक समुदाय मार्फत नागरिक , समुदाय र पिछडिएको बर्गको क्षमता अभिबृद्धि गरी स्थानीय शासनलाई जनताप्रति जिम्मेवार र उत्तरदायी बनाउने रहेको छ ।

**LGCDP र LGAF *को प्रमुख सरोकार*** :

- स्थानीय शासनमा स्थानीय समुदाय नागरीक तथा नागरिक संस्थाहरूको अर्थमूलक सहभागिता
- नागरिक तथा नागरिक संस्थाहरूको (विशेषगरी) बिपन्न, तथा पिछडिएको समुदायको क्षमता विकास
- स्थानीय तथा सेवाप्रदायक निकायहरूलाई समुदायप्रति उत्तरदायी बनाउने
- सार्वजनिक सेवाहरूमा सहज,पारदर्शि र न्यायपूर्ण पहुँच स्थापना

- सार्वजनिक स्रोत परिचालनमा पारदर्शि र नागरिक अनुगमनको ब्यवस्था
- नीतिगत तहमा जनमैत्रीपूर्ण नीतिनियम तर्जुमा गर्न सहयोग र अनुभवमा आधारित पृष्ठपोषण र विकेन्द्रीकरणका लागि नीतिगत सहयोग
- नागरिकहरूका Voices, Choices and Rights को ठीक तरिकाले सम्मान र सम्वोधन गर्ने संस्कारको विकास गर्न

***संस्थाको कार्यक्षेत्र :***

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत स्थानीय शासन तथा उत्तरदायी संयन्त्र (LGAF) को सचिवालयसंगको सहकार्यमा स्थानीय निकायहरूको कानूनी तथा नीतिगत व्यव्स्था पालना अनुगमन सम्बन्धी कार्यक्रम आर्थिक बर्ष २०७१/७२ मा धनकुटा जिल्ला स्थित १० वटा स्थानीय निकायहरू जिल्ला बिकास समितिको कार्यालय, धनकुटा, धनकुटा नगरपालिका, पाख्रिबास नगरपालिका र गाविसहरूमा अर्खौले जीतपुर, मूर्तिढुङ्गा, भेडेटार, डाँडाबजार, खुवाफोक, फाक्सिव र छ नम्वर बुधवारे गाविसहरू रहेका थिए भने र हाल २०७२/७३ मा जिल्ला विकास समिति धनकुटा सहित २१ गाबिसमा कार्यक्रमहरू सञ्चालन भइरहेको छ जसमा कुरूलेतेनुपा, मुढेवास, वसन्तटार, राजारानी, बोधे, मौनाबुधुक, बुढीमोरङ्ग, महाभारत, आहाले, हात्तीखर्क, ताँखुवा, तेलिया, परेवादिन, मारेककटहरे, चानुवा, डाँडागाउँ, लेगुवा, आँखीसल्ला, खोकु, छिन्ताङ्ग र चुङ्गबाङ्ग छन् ।

***अनुगमनका क्रममा गरिने मुख्य क्रियाकलापहरू :***

१. परियोजना सम्बन्धि जानकारी प्रदान गर्न सम्बन्धित सबै स्थानीय निकायहरूमा एक दिने परिचयात्मक अन्तरक्रिया/अभिमूखिकरण कार्यक्रम सञ्चालन

२. गाउँ विकास समिति स्थित वडा नागरीक मञ्च, नागरीक सचेतना केन्द्र र सामाजिक परिचालकहरूलाई जवाफदेहिताका औजारहरूका बारेमा क्षमता अभिवृद्धि तालिम

३. गाउँ विकास समिति स्थित वडा नागरीक मञ्च, नागरिक सचेतना केन्द्र, सामाजिक परिचालक, एकिकृत योजना तर्जुमा समिति, सुपरिवेक्षण तथा अनुगमन समिति सदस्य सम्मिलीत सिकाई आदन प्रदान तथा पूनरावलोकन वैठक

४. गाउँ बिकास समिति स्थित वडा नागरीक मञ्च, नागरिक सचेतना केन्द सामाजिक परिचालकहरूलाई नागरिक अधिकार तथा नागरिक दायित्व सम्बन्धि १ दिने सचेतनामुलक कार्यक्रम (सहभागि ३० जना)

५ स्थानीय निकाय द्वरा सञ्चालीत कम्तिमा २ मूख्य पुर्वाधार निर्माणका योजनाहरूमा कार्यान्वयन अवधिमा कम्तिमा २ पटक स्थानीय निकाय संग समन्वय गरि सुपरिवेक्षण तथा अनुगमन समिति संग अनुगमन गरि प्राप्त नतिजाहरूको प्रतिवेदन तयार गर्ने

. ६. परियोजना तथा कार्यक्रमहरूका बारेमा जानकारी प्रदान गर्ने उद्देश्यले स्थानीय रेडियोमा एक घण्टको रेडियो कार्यक्रम प्रशारण गर्ने

७. पर्चा/ब्राउसर छपाई (१००० प्रति २ पटक)

८. सार्वजनिक सुनुवाईका लागि स्थानीय निकायहरूमा सहजीकरण गर्ने साथै मुख्य कार्यक्रमहरू जस्तै गाउँ विकास समिति स्तरीय सार्वजनिक सुनुवाई र जिल्ला स्तरीय सार्वजनिक सुनुवाईको श्रव्य वा दृश्य वृत्तचित्र तयार गर्ने

९. जिल्ला तहमा कार्यक्रमको अन्तिम नतिजा सार्वजनिक गर्ने

*सामाजीक जवाफदेहिता* :

आफुले गरेका कार्यहरूप्रति जिम्मेवार हुनु र आफुले संचालन गरेका गतिविधिहरूलाई पारदर्शी वनाउनु नै जवाफदेहिता हो । सार्वजनिक पद धारण गरेको पदाधिकारी (राजनीतिक वा प्रशासनिक) ले सार्वजनिक सरोकार वा चासोको विषयमा आफुले गरेका कार्य, कार्य सम्पादनको स्तर, गुणात्मकता एवं सार्वजनिक स्रोतको उपयोगको बारेमा सरोकारवाला वर्ग माझ उत्तर दिने संयन्त्र वा व्यवस्था नै जवाफदेहिता हो ।

*सुशासन प्रबर्द्धनकालागि जवाफदेहिताका औजारहरू :–*

**१. सूचना पाटी**

सार्वजनिक सेवा प्रदान गर्ने सेवा प्रदायक निकायहरूले सेवाग्राहीहरूलाई आफूले प्रदान गर्ने सूचनाहरूका बारेमा जानकारी गराउने उद्देश्यले सबै सेवाग्राहीहरूको पायक पर्ने गरी व्यवस्था गरिएको साधन नै सूचना पाटी हो ।

**२. नागरिक वडापत्र**

नागरिक वडापत्र भन्नाले स्थानीय निकायले उपलब्ध गराउने विभिन्न सेवा तथा सुविधाको नाम, विवरण, समयावधि, जिम्मेवार कर्मचारीको कार्यकक्षको विवरण, सेवा प्राप्त गर्न पुऱ्याउनु पर्ने प्रक्रिया, लाग्ने शुल्क दस्तुरका साथै सेवा अवरूद्ध भएमा उजुरी सुन्ने अधिकारी उल्लेख गरी सर्वसाधारणलाई सुशुचित गर्न सार्वजनिक स्थल वा कार्यालयको बाहिरपट्टि टाँगिएको वा टाँसेर राखिएको वाचापत्रलाई बुझिन्छ ।

**३. गुनासो व्यवस्थापन**

सार्वजनिक वस्तु तथा सेवा प्रदान गर्ने निकायले प्रदान गर्ने सेवा तथा वस्तु प्रति नागरिकले देखेको कमजोरीका विषयमा लिखित वा मौखिक रूपमा प्रदान गर्ने जानकारीलाई नै गुनासो वा उजुरी भनिन्छ । सेवाग्राहीहरूबाट प्राप्त गुनासाहरू सम्वन्धित निकायले अध्ययन गरि समाधानका लागि गरिने व्यवस्थित प्रक्रियालाई गुनासो व्यवस्थापन भनिन्छ ।

**४. सामाजिक परिक्षण**

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ (१) ले गरेको व्यवस्था अनुरूप स्थानीय निकायहरूको एक आर्थिक वर्षमा निकायकै समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्ने पद्धतिलाई स्पष्ट तथा निर्देश गर्न "स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७" तर्जुमा गरिएको छ ।
सामाजिक परीक्षण भन्नाले सामाजिक कार्यसम्पादनको लेखाजोखा हो । यसले सामाजिक जिम्मेवारी पूरा गर्नेतर्फ लगानी केन्द्रित छ छैन भन्ने विषयमा जनधारणा समेत बुझी सुधारको अवसर प्रदान गर्दछ । सामाजिक परीक्षणले समाजका विपन्न, दलित, जनजाति, महिला, बालबालिका तथा पिछडिएका वर्ग, अपाङ्ग, जेष्ठ नागरिकको उत्थानमा गरेको प्रयास तथा त्यसको उपलब्धि असर, प्रभावलाई समेतलाई लेखाजोखा गर्दछ । स्थानीय निकायहरूले आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्रमा सामाजिक परिक्षण गरिसक्नुपर्ने व्यवस्था रहेको छ ।

**५. सार्वजनिक सुनुवाई**

"सार्वजनिक सुनुवाई" भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा वसेका स्थानीय निकायका

पदाधिकारीहरू वीच सार्वजनिक चासोको विषयमा सार्वजनिक थलोमा खुला छलफल गर्ने प्रक्रियालाई जनाउँछ । सार्वजनिक सुनुवाई कार्यलाई व्यवस्थित गर्न स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि, २०६७ तर्जुमा गरिएको छ ।

स्थानीय निकायवाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरूमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त र चनात्मक सुझावलाई ग्रहण गर्ने तथा जिम्मेवार संस्कार बसाउनु सार्वजनिक सुनुवाईको उद्देश्य हो । सुशासन ऐन २०६४ अनुशार सार्वजनिक निकायहरूले प्रत्येक चौमासिकमा कम्तिमा एक पटक गरी वर्षमा ३ पटक सार्वजनिक सुनुवाई संचालन गर्नुपर्ने प्रावधान रहेको छ । सार्वजनिक सुनुवाई गर्दा दुई बिधिहरू बर्हिगमन अभिमतपत्र र नागरिक प्रतिवेदन पत्रको प्रयोग गरि यसको आयोजना गर्नुपर्छ ।

**६. लैंगिक उत्तरदायी बजेट**

सरोकारवाला निकायहरूले कार्यक्रम सञ्चालन गर्दा महिला र पुरूषबीच विद्यमान शक्तिसम्बन्धलाई मध्यनजर गर्दै सञ्चालित कार्यक्रमले महिला र पुरूष दुवैका आवश्यकता र सरोकारहरूलाई सम्बोधन गर्ने नियोजित प्रयासमा तर्जुमा गर्ने बजेट नै लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट हो ।

लैङ्गिक उत्तरदायी बजेट भन्नाले महिलाका लागि छुट्टै बजेट होइन । यसले महिलाका लागि ५० प्रतिशत र पुरूषका लागि ५० प्रतिशत बजेट हुनुपर्ने विषयको वकालत पनि गर्दैन । यसले सबै क्षेत्रका नीति तथा योजना र बजेटमा लैङ्गिक सम्बेदनशीलता जगाउँछ र लैङ्गिक समानताको नीति एवम् समष्टिगत आर्थिक नीतिका बिच सम्बन्ध स्थापित गर्दछ । यो लैङ्गिक समानता, सशक्तिकरण र मूल प्रवाहीकरणको रणनीति हो ।

**७. सार्वजनिक/सामुदायिक परीक्षण**

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ (२) बमोजिम स्थानीय निकायहरूले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सहभागितामूलक किसिमले लेखाजोखा गर्ने कार्यलाई ब्यवस्थित गर्न यो "स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधि, २०६७" तर्जुमा गरिएको छ ।

सार्वजनिक परीक्षण भन्नाले विकास कार्यक्रममा भएको लगानीको सरोकालवालाले गर्ने लेखाजोखा हो । स्थानीय तहमा सम्पादन भएका विकासका क्रियाकलापहरूको सञ्चालन पद्धति, सञ्चालनको अवस्था, लगानी गर्ने संस्था, लगानी रकम, आयोजना व्यवस्थापनमा रहेका राम्रा तथा कमजोरीहरू, निर्णय प्रक्रिया, खरिद प्रक्रियामा अपनाइएको तरिका, उपभोक्ता तथा सरोकारवालाहरूको सहभागिता, योजनाको तत्कालीन प्रभाव आदि विषयमा सरोकालवाला तथा लाभान्वित समूह बीचको छलफल तथा लेखाजोखा सार्वजनिक परीक्षण भित्र पर्दछन् । स्थानीय निकाय मार्फत संचालन हुने सबै किसिमका योजना तथा कार्यक्रमहरू सम्पन्न भएपछि फरफारक गर्नु पूर्व अनिवार्य रूपमा सार्वजनिक/सामुदायिक परीक्षण गराउनु पर्दछ ।

**सार्वजनिक परीक्षणको उद्देश्य**

- आयोजना र कार्यक्रमको आम्दानी खर्च तथा अन्य विवरणहरु आम उपभोक्ताहरु समक्ष राखी उपभोक्ताहरूको प्रतिक्रिया लिने ।
- आयोजना र कार्यक्रमप्रति जनचासो वृद्धि गरी सम्बन्धित सरोकारवालहरूको सहभागिता वृद्धि गर्ने

- निर्णय प्रक्रियामा प्रजातान्त्रिक प्रक्रिया र पारदर्शी व्यवहार अवलम्बन गर्ने गराउने ।
- आयोजना र कार्यक्रममा हुन सक्ने अनियमितता नियन्त्रण गर्ने र कुनै अनियमितता भएको पाइएमा उपभोक्ताहरूलाई जिम्मेवार बनाउने ।
- आयोजना र कार्यक्रममा आम उपभोक्ताहरूको स्वामित्वभाव स्थापित गर्ने ।

**सार्वजनिक परिक्षण कार्यक्रम संचालन विधि :**

(क) सार्वजानिक परिक्षणमा उपस्थित उपभोक्ता समिति ,गैसस, सामुदायिक संस्था, टोलविकास संस्थाका पदाधिकारीहरू, स्थानीय निकायवाट खटाइएका कर्मचारीहरू,सहजकर्ता र उपभोक्तहरूको उपस्थिाति पुस्तिका खडा गरी नाम, थर, ठेगाना तथा संस्थाको प्रतिनिधि भए नाम र पद समेत उपस्थितिमा जनाउनुपर्छ ।

(ख) सार्वजानिक परिक्षण कार्यक्रममा उपभोक्ता समितिका पदाधिकारी ,प्रत्यक्ष लाभान्वित उपभोक्ता र योजना क्षेत्रको कुनै निर्वाचित पदाधिकारीहरू समेत उपस्थित हुनुपर्छ । उपस्थितिको लागि सार्वजनिक परिक्षण हुने मिति, समय र स्थानवारे सुचना दिनुपर्छ ।

(ग) सार्वजनिक परिक्षण कार्यक्रमको उदेश्य ,कार्यक्रम संचालन विधि ,समय, आचारसंहिता वारे स्थानीय निकायवाट खटाइएको सहजकर्ताले कार्यक्रमका सहभागिहरूलाई जानकारी गराउनुपर्छ ।

(घ) योजना संचालन गर्ने निकायले योजनाको पूर्ण विवरण कार्यक्रममा प्रस्तुत गर्नुपर्दछ । सोको लागि योजना खाता समेत प्रयोगमा ल्याउन सकिनेछ ।

(ङ) योजना संचालन गर्ने निकायको तर्फवाट विवरण प्रस्तुत भएपछि स्थानिय निकायवाट खटाइएको सहजकर्ताले पुर्व तयार गरिएका प्रश्नहरू राखी खुला छलफलको माध्यमवाट सहभागिहरूको प्रतिकृया तथा सुझाव आह्वान गर्नुपर्नेछ । सहजकर्ताले योजनाको सम्पूर्ण बिवरणका आधारमा छलफलको सहजिकरण गर्नुपर्छ ।

(च) सहभागीहरूले कार्यक्रममा प्रस्तुत गरेका विचारहरूलाई सहजकर्ताले टिपोट गरि राख्नुपर्छ । सहभागिले प्रस्तुत गरेको प्रतिकृया तथा सुझावमा योजना संचालन गर्ने निकायले थप स्पष्ट पार्नुपर्छ ।

(छ) स्थानीय निकायले खटाएको सहजकर्ताले सार्वजानिक परीक्षणको क्रममा प्राप्त गुनासो प्रतिकृया तथा सुझावहरूको आधारमा स्थलगत अध्ययन समेत गरी वस्तु स्थिति सहित अनुसुची २ वमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नुपर्छ, त्यस्तो प्रतिवेदन सहजकर्ताले सम्वन्धित स्थानीय निकायको प्रमुख समक्ष पेश गर्नुपर्छ ।

## सार्वजनिक परिक्षण प्रतिवेदनको ढाँचा अनुसूची २

श्री जिल्ला बिकास समिति...................,.........   नगरपालिका, गा.बि.स .............

**१. योजनाको**

क. नाम : ............................................   ख. स्थल : ............................................

ग. लागत अनुमान : ......................................   घ. योजना शुरू भएको मिति : ..............................

ङ. योजना सम्पन्न मिति : ...............................   च. योजनाको अवस्था : सम्पन्न अधुरो बिग्रिएको

**२. उपभोक्ता समिति र गैसस र सामुदायिक संस्थाको**

क. नाम : ..................   ख. अध्यक्षको नाम : ....................   ग. सदस्य संख्या : महिला ......   पुरूष ......

**३. सार्वजनिक परिक्षण भएको**

क. मिति : .........   ख. स्थान : ...............   ग. समय : ...............

**४. उपस्थिति उपस्थितिको छाँयाप्रति संलग्न गर्नुपर्ने नाम :**

| नाम | ठेगाना | पद |
|---|---|---|
| १. | | |
| २. | | |

**५. योजना लक्ष्य तथा प्रगति विवरण :**

| कामको विवरण | लक्ष्य | प्रगति |
|---|---|---|
| १. | | |
| २. | | |

**६.उपभोक्ता समिति /गैसस/सामुदायिक संस्थाले पेश गरेको आम्दानी खर्चको विवरण :**

| आम्दानी तर्फ | |
|---|---|
| बिवरण | रकम |
| सहयोगी संस्थाबाट निकासा | |
| सामग्री | |
| जनसहभागिता | |
| श्रमदान | |

| खर्चको बिवरण | | | |
|---|---|---|---|
| अनुदान तर्फ | | श्रमदान तर्फ | |
| विवरण | रकम रू | विवरण | रकम रू. |
| क. निर्माण सामग्री | | क.निर्माण सामग्री | |
| ..................... | | ........... | |
| ख. कामदार | | ख. कामदार | |
| ............... | | ................. | |
| ग. ढुवानी | | ग. ढुवानी | |
| ............. | ............ | | |
| घ. मेशिनरी औजार | | घ. मेशिनरी औजार | |
| .............. | .......... | | |
| ............. | .............. | | |
| जम्मा | | जम्मा | |

**७. उपभोक्ता समिति र सामुदायिक संस्थाले पेश गरेको विवरण माथि सार्वजनिक परिक्षणमा उपस्थित व्यक्तिहरूको प्रतिक्रिया तथा सुझाव :**

| क्र.सं | सुझावकर्ताको नाम थर | सुझावको क्षेत्र, प्रतिक्रिया तथा सुझावको सार संक्षेप | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

उपर्युक्त खर्च विवरण उपभोक्ता समितिले पेश गरेको विवरण संग मेल खान्छ वा खादैन । मेल नखाने भएमा कैफियत जनाउने :

**८. जानकारीका लागि सो विवरण सवै सरोकारवालाहरूलाई सुचित गर्न सार्वजनिक स्थलमा सुचना पाटी टाँस भए / नभएको :**

| ............... | ............... | ............... |
|---|---|---|
| नाम | नाम | नाम |
| सहजकर्ता/प्रविधिक | उपभोक्ता समितिका अध्यक्ष | स्थानीय निकायको पदाधिकारी |

प्रतिवेदन वुझाएको मिति ...............

**गाँउ विकास समिति एकिकृत योजना तर्जुमा समिति**

(१) गाँउ विकास समितिवाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाका प्रस्तावहरू छनाेट गरि गाउँ विकास समिति समक्ष सिफारिस गर्ने प्रयोजनका लागि देहाय बमोजिमको एकिकृत योजना तर्जुमा समिति रहनेछ ।

(क) गाउँ विकास समिति को अध्यक्ष वा अध्यक्षको काम गर्न तोकिएको व्यक्ति- संयोजक

(ख) गाउँ विकास समिति क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरूले आफुहरू मध्येवाट छानेर पठाएको गैर सरकारी संस्थाको प्रतिनिधि एक जना- सदस्य

(ग) गाउँ विकास क्षेत्रका सामुदायिक संस्थाहरूले आफुहरू मध्ये वाट छनौट गरि पठाएको सामुदायिक संस्थाको महिला प्रतिनिधि एक जना- सदस्य

(घ) गा.वि.स. क्षेत्रका दलित संस्थाहरूले आफुमध्ये वाट छनौट गरि पठाएका दलित संस्थाको प्रतिनिधि एक जना- सदस्य

(ङ) गा.वि.स. क्षेत्रमा रहेका महिला संस्थाहरू (आमा समूह, महिला सहकारी, महिला संजाल, प्यारालिगल समिति) ले आफुहरूमध्येबाट छनौट गरि पठाएका महिला संस्थाका प्रतिनिधि दुई जना-सदस्य

(च) गाउँ विकास क्षेत्रभित्र रहेका वाल क्लबहरूले आफुहरूमध्येबाट छनौट गरि पठाएका बाल प्रतिनिधि एक जना-सदस्य

(छ) गाउँ विकास क्षेत्रमा आदिबासी जनजातिका संस्थाहरूले आफुहरूमध्येबाट छनौट गरि पठाएका आदिबासी जनजाति संस्थाका प्रतिनिधि एक जना- सदस्य

(ज) गाउँ विकास क्षेत्रका मधेसी, मुस्लिम र पिछडाबर्गको संस्थाले छनौट गरि पठाएको प्रतिनिधि एक जना- सदस्य

(झ) गाउँ विकास क्षेत्रका समाजसेवी, बुद्धिजिवी, ज्येष्ठ नागरिक मध्येबाट गाउँ विकास समितिले तोकेको प्रतिनिधि एक जना-सदस्य

(ञ) गाउँ विकास समिति स्थित वडा नागरिक मञ्चहरूले आफुहरूमध्येबाट छनौट गरि पठाएको महिला प्रतिनिधि एक जना-सदस्य

(ट) नागरिक सचेतना केन्द्रले छनौट गरि पठाएको महिला प्रतिनिधि एकजना सदस्य

(ठ) गाउँ विकास समिति भित्रका अपाङ्गता भएका व्यक्तिले आफुहरूमध्येबाट छनौट गरि पठाएका प्रतिनिधि

एकजना-सदस्य

(ड) गा.वि.स.मा क्रियाशील राजनीतिक दलहरूबाट तोकि पठाएको एक एकजना प्रतिनिधि-सदस्य

(ढ) गाउँ विकास समितिका सचिव-सदस्य सचिव

**(२)उपदफा (१) बमोजीमको समितिमा संयोजक र सदस्य सचिव एकै व्यक्ति भएमा संयोजकले तोकेको व्यक्तिले सदस्य सचिव भै कामकाज गर्नेछ ।**

**एकिकृत योजना तर्जुमा समिति काम कर्तव्य अधिकार** : एकिकृत योजना तर्जुमा समितिको काम कर्तव्य अधिकार देहाय वमोजिम हुनेछ

१. वडा समितिवाट प्रथमिकता क्रमको आधारमा सिफारीस भइ आएका कार्यक्रम वा आयोजनाको अनुमानित वजेट सीमाको अधिनमा रहि क्षेत्रगत रूपमा छुट्टा छुट्टै प्राथमिकरण गरी अन्तिम सुची तयार गर्ने ।

२ प्रथमिकीकरण गर्दा क्रमागत आयोजनामध्ये आवश्यकताको आधारमा निस्पक्षता र यथार्थतालाई जोड दिने ।

३. सरकारी तथा गैर सरकारी क्षेत्रवाट सञ्चालन गरीने कार्यक्रमको वारेमा समन्वय गर्ने ।

४. आयोजनाको सिफारिस गर्दा क्षमता विकाससम्वन्धि आयोजना ,सामाजिक परिचालन ,पुँजिगत लगानिका क्षेत्रका कार्यक्रम वा आयोजना ,प्रवर्द्धनात्मक कार्यक्रमहरू र लक्षित समुहको छुट्टा छुट्टै आयोजना लगानी सुची र आयोजनागत लगानि हुने रकमको सुची पेश गर्ने ।

५. आफ्नो क्षेत्रभित्र सञ्चालन हुने आयोजनामा दोहोरोपना आउन नदिने र कार्यक्रम वा आयोजना विच पारस्परिक सम्वन्ध एवम् परिपुरक कायम गर्ने ।

६. गाँउ विकास कोष र नगरपालिका कोषको अँन्तिम लेखापरिक्षण प्रतिवेदनले औँल्याएका विषयहरूमा छलफल गरी पृष्ठपोषण दिने ।

७. स्थानीय निकायको कार्यमा आवश्यक सल्लाह एवं सुझाव दिने तथा आवश्यक सहयोग पुऱ्याउने ।

**(२)समितिको कार्यविधि देहाय वमोजिम हुनेछ :**

(क) सम्वन्धित गाउँ विकास समिति र नगरपालिकाका सामाजिक परिचालक एकिकृत योजना तर्जुमा समितीको पदेन सदस्य हुनेछन् ।

(ख) गाउँ विकास समिति र नगरपालिकाले स्वास्थ्य व्यवस्थापन समिति ,स्थानीय सरकारी एवम् गैर सरकारी संस्थाका प्रतिनिधिहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

(ग) समितिका कम्तिमा पचास प्रतिशत सदस्य उपस्थित भएमा वैठक वस्न सक्नेछ ।

(घ) समितिले आवश्यकता अनुसार सम्वन्धित निकायवाट आवश्यक राय सल्लाह ,सुझाव लिन सक्नेछ

(ङ) गा.वि.स. र नगरपालिकाले तोकेको समयभित्र एकिकृत योजना तर्जुमा समितिबाट आयोजनाका प्रश्तावहरू छनौट गरी नआएका गाउँ विकास समिति र नगरपालिकाले सहभागितामुलक योजना तर्जुमा प्रद्वतिबाट छनौट भई आएका आयोजना मध्येबाट छनौट गर्न सक्नेछ ।

(च) संस्थाहरू गठन भई क्रियाशील नभएको अवस्थामा त्यस संस्थाको प्रतिनिधि नभएपनि एकिकृत समितिको बैठक

बस्न बाधा पारेको मानिने छैन ।

(छ) समितिको कार्यबिधि सम्बन्धि अन्य व्यवस्था समिति आफैंले तोके बमोजिम हुनेछ ।

**सहभागितामूलक समावेशी योजना तर्जुमा प्रक्रिया १४ चरण**

**समय तालिकाा**

| | | |
|---|---|---|
| बजेट पूर्वानुमान र मार्गदर्शन | १ | कार्तिक मसान्त सम्म |
| बजेट पूर्वानुमान मार्गदर्शनको पुनरावलोकन | २ | मंसिर पहिलो हप्ता |
| योजना तर्जुमा प्रक्रिया | ३ | मंसिर दोस्रो हप्ता |
| गा.बि.स नगरपालिका बैठक | ४ | पौष पहिलो हप्ता |
| बस्तीस्तरको योजना छनौट | ५ | पौष पहिलो हप्ता भित्र |
| वडा समिति बैठक | ६ | पौष दोस्रो हप्ता भित्र |
| गा.बि.स नगरपालिका बैठक | ७ | पौष तेस्रो हप्ता भित्र |
| गाउँ नगर परिषद | ८ | पौष मसान्त भित्र |
| इलाकास्तरीय योजना तर्जुमा गोष्ठी | ९ | माघ तेस्रो हप्ता सम्म |
| बिषयगत योजना तर्जुमा गोष्ठी | १० | फागुन पहिलो हप्तासम्म |
| एकिकृत योजना तर्जुमा समिति | ११ | फागुन पहिलो हप्तासम्म |
| जिल्ला विकास समिति बैठक | १२ | फागुन दोस्रो हप्तासम्म |
| जिल्ला परिषद् | १३ | फागुन तेस्रो हप्तासम्म |
| जिल्ला विकास योजना कार्यान्वयन | १४ | फागुन मसान्तसम्म चैत्र १० गते भित्र |


जन्मदर्ता बालबालिकाको पहिलो अधिकार हो । जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध विच्छेदको घटनालाई गाउँ विकास समितिको कार्यालय तथा नगरपालिकाको कार्यालयमा घटना घटेको ३५ दिनभित्र दर्ता गरी नागरिक अधिकार प्राप्तीका लागि दायित्व पनि पुरा गरौं ।

**जनहितको लागि**

**सुशासन दर्पण**

**बुलेटिनद्वारा प्रकाशित**

**स्थानीय निकाय स्रोत परिचालन तथा ब्यवस्थापन कार्यबिधि २)६( को परिच्छेद ५ मा उल्लेख गरिएको**
**अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण संयन्त्र सम्वन्धि ब्यवस्था :**

जिल्ला/नगर/गाविस सुपरिवेक्षण तथा अनुगमन समिति र आयोजना अनुगमन सहजिकरण समितिको संयन्त्र, गठन प्रक्रिया :

**गाउँ बिकास समिति :**

**(१) गाउँ विकास समितिले गाउँ विकास क्षेत्रमा सञ्चालित विभिन्न कार्यक्रम वा आयाजेनाहरूको समग्र अनुगमन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको गाउँ सुपरिवेक्षण तथा अनुगमन समिति गठन गर्नु पर्नेछ.**

(क) गाउँ विकास समितिको अध्यक्ष वा अध्यक्षको काम गर्न तोकिएको पदाधिकारी- संयोजक
(ख) राजनैतिक दलहरूमध्येबाट एक महिला सहित बढीमा तीनजना प्रतिनिधि - सदस्य
(ग) वडा नागरिक मञ्च मध्येबाट कम्तीमा एक महिला सहित दुईजना प्रतिनिधि - सदस्य
(घ) नागरिक सचेतना केन्द्रबाट एकजना महिला प्रतिनिधि - सदस्य
(ङ) संयोजकले तोकेको विषयगत इलाका वा गाउँस्तरको कार्यालयको प्रमुख एकजना – सदस्य
(च) प्राविधिक कर्मचारी (उपलब्ध भएसम्म) - सदस्य
(छ) गाउँ विकास समितिको सचिव वा निजले तोकेको एकजना कर्मचारी – सदस्य सचिव

**(२) नगरपालिकाले आफ्नो क्षत्रेभित्र सञ्चालित विभिन्न कार्यक्रम वा आयोजनाहरूको समग्र अनुगमन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको नगर सुपरिवेक्षण तथा अनुगमन समिति गठन गर्नुपर्नेछ :–**

(क) नगर प्रमुख वा नगर प्रमुखको काम गर्न तोकिएको पदाधिकारी - संयोजक
(ख) राजनैतिक दलहरूमध्येबाट एक महिला सहित बढीमा तीनजना प्रतिनिधि - सदस्य
(घ) वडा नागरिक मञ्चबाट एक महिला सहित दुईजना प्रतिनिधि – सदस्य
(ङ) नागरिक सचेतना केन्द्रबाट महिला प्रतिनिधि एकजना - सदस्य
(च) संयोजकले तोकेको विषयगत कार्यालयको प्रतिनिधि एकजना – सदस्य
(छ) संयोजकले तोकेको प्राविधिक कर्मचारी एकजना – सदस्य
(ज) उद्योग वाणिज्य संघ जिल्ला वा नगर समितिका प्रतिनिधि एकजना – सदस्य
(झ) नगरपालिकाका कार्यकारी अधिकृत वा निजले ताकेको अधिकृत - सदस्य सचिव

**(३) जिल्ला विकास समितिले जिल्लामा सञ्चालित विभिन्न कार्यक्रम वा आयोजनाहरूको समग्र अनुगमन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको जिल्ला सुपरिवेक्षण तथा अनुगमन समिति गठन गर्नुपर्नेछ :-**

(क) जिल्ला विकास समितिको सभापति वा सभापतिको काम गर्न तोकिएको पदाधिकारी- संयोजक
(ख) राजनैतिक दलहरूमध्येबाट एक महिला सहित बढीमा तीनजना प्रतिनिधि- सदस्य
(ग) स्थानीय विकास अधिकारी- सदस्य
(घ) विषयगत कार्यालय मध्येबाट संयोजकले तोकको दुईजना कार्यालय प्रमुख- सदस्य
(ङ) जिल्ला प्राविधिक कार्यालयका प्रमुख- सदस्य
(च) कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख वा अधिकृत प्रतिनिधि - सदस्य

(छ) उद्योग वाणिज्य संघ, जिल्ला शाखाको प्रतिनिधि- सदस्य

(ज) गैरसरकारी संस्था महासंघ, जिल्ला समन्वय समितिको प्रमुख- सदस्य

(झ) योजना, अनुगमन तथा प्रशासकीय अधिकृत- सदस्य सचिव

**सुपरिवेक्षण तथा अनुगमन समितिहरू गठन गरिनुको उद्धेश्यहरू :**

क) स्थानीय निकायबाट सञ्चालित आयोजनाहरूको प्रभावकारिता शुनिश्चित गर्न

ख) स्थानीय समुदायलाई आयोजना प्रति जवाफदेही बनाउन

ग) अनुगमनका क्रममा नागरिकबाट आएका गुनासोलाई सम्बन्धीत निकायबाट समाधानको विकल्प खोज्न

घ) आयोजनाको कार्यान्वनमा सहजीकरण गर्न

ङ) आयोजना कार्यान्वयनमा आएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन तथा सुझाव दिन

**जिल्ला/नगर/गाविस सुपरिवेक्षण तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार :**

*सुपरिवेक्षण तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-*

(१) आयोजनाको कार्यान्वनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निदर्शेन दिने,

(२) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(३) विषयगत कार्यालय र अन्य सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रम वा आयोजनाको समेत अनुगमन गर्ने,

(४) गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रम वा आयोजनाको प्रभावकारी अनुगमन गरी सोको चौमासिक र बार्षिक प्रतिवेदन मन्त्रालयमा पठाउने ।

(५) समितिले अनुगमनको क्रममा देखिएका विषयमा आवश्यक लेखाजोखा गरी आफ्नो सुझाव सहितको प्रतिवेदन चौमासिक रूपमा स्थानीय निकाय प्रमुख समक्ष पेश गर्नेछ . यसरी प्राप्त प्रतिवेदनमाथि स्थानीय निकायको बठैकमा छलफल गर्नुपर्नेछ . साथै गाउँ विकास समिति र नगरपालिकाको हकमा एकीकृत योजना तर्जुमा समिति बैठकमा छलफल गर्नुपर्नेछ ।

(६) स्थानीय निकायले आफ्ना कार्यक्रम वा आयोजनाहरूको सुपरिवेक्षण तथा अनुगमन कार्ययोजना/कार्यतालिका बनाई सोको आधारमा नियमित रूपमा सुपरीवेक्षण, अनुगमन एवम् समीक्षा गर्नुपर्नेछ .

(७) समिति आफैले अनुगमन गर्न वा आवश्यकता अनुसार बढीमा पाँच सदस्यीय उप-समिति गठन गरी आयोजनाको सुपरीवेक्षण तथा अनुगमन गर्न वा अन्य कुनै पदाधिकारी वा कर्मचारीहरूलाई अनुगमनसम्बन्धी कार्यमा खटाउन सक्नेछ .

(८) समितिले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम, बाल संरक्षण अनुदान र व्यक्तिगत घटना दर्ता कार्यक्रम लगायत सामाजिक सुरक्षा सम्बन्धी समग्र कार्यक्रमको अनुगमन गर्नेछ .

(९) अनुगमनसम्बन्धी अन्य व्यवस्था सम्बन्धित स्थानीय निकायको समिति बैठक वा परिषद्बाट तोकिए बमोजिम हुनेछ.

(१०) स्थानीय निकायको स्रोतको रकमको सदुपयोग भए नभएको सम्बन्धमा स्थानीय शासन तथा उत्तरदायी संयन्त्रले अनुगमन गर्न सक्नेछ .

**नागरिक निगरानी** :

नागरिक समाज समाजलाई निश्चित दिशा देखाउदै स्थानीय तहबाट संगठित नागरिकहरूले आफ्ना अधिकारहरूको उपयोगको लागि स्वस्फूर्तरूपमा अभ्यास गर्ने, छलफल गर्ने र समाजलाई सकारात्मक दिशातर्फ उन्मूक गराउन पहल गर्ने साझा थलो नै नागरिक समाज हो । यो नितान्त गैर राजनीतिक संगठन हो । नागरिक समाज केहि गरौं भन्ने भावनाले प्रेरित हुन्छ । यस भित्र संघ, संस्था, संगठन, क्लब, गुठी, समूह, समिति आदि पर्दछन् ।

स्थानीय विकास मंत्रालय ले स्थानीय निकाय (गाविस, नगरपालिका)मा सामजिक परिचालनको माध्यमबाट नागरिक समाज स्थापना गर्ने भनि सामाजिक परिचालन निर्देशिकामा नागरिक समाजको रूपमा लिएको छ ।

- नागरिक समाजको तर्फबाट सेवा प्रवाहलाई नजिकै बाट अध्ययन गरी सकारात्मक दिशा तर्फ डोर्याउने काम लाई नागरिक निगरानी भनिन्छ
- नागरिक निगरानी भनेको नागरिकले गर्ने निगरानी (नागरिक कै आधारभूत दायित्व न कि अन्यको)
- कर तिर्ने नागरिकको दायित्व
- करको सदुपयोग वा दुरूपयोगको मुल्याङ्कन गर्ने जिम्मेवारी
- प्रतिनिधिमूलक व्यवस्थाबाट निगरानी
- प्रत्यक्ष निगरानी (निर्णयमा सहभागिता, कार्यान्वयनमा सहभागिता, अनुगमनमा सहभागिता)
- तेस्रो पक्षबाट मूल्यांकन (जस्तैः संचार क्षेत्र)
- नागरिक निगरानीको विभिन्न संयन्त्र र व्यवस्थाहरू मुलुक पिच्छै फरक.
- समाजका हरेक वर्ग र व्यक्ति संग सम्बन्ध राख्दै सामाजिक आर्थिक रूपमा शोषित पिडित व्यक्ति वा समुदायलाई न्याय दिलाउन तत्पर हुनु ।
- स्थनीय सरकारले प्रवाह गर्ने सेवा सुविधाहरू र जन सहभागिता हुने कुरामा विशेष निगरानी राख्नु ।
- स्वयं सेवी भावना, पारदर्शी प्रक्रिया,उदार दृष्टीकोण र समाजसेवाको मान्यताबाट संचालित हुनु ।
- नागरिक हक अधिकार र दायित्वको बारेमा बहस, पैरवी गर्न सहयोग गर्नु ।

**नागरिक निगरानी कार्यमा वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको भूमिका :**

- स्थानीय निकायबाट प्रवाह गरिने सबै प्रकारका सेवासुविधाहरूलाई सरल र सहज बनाउनु पर्ने ।
- समुदायका मानिसका प्राथमिकताको आधार तयार पारेका कार्यक्रमहरू योजनामा समावेश गराउनु पर्ने ।
- स्थानीय निकायको काम कारवाहीलाई सार्वजनिक सुनुवाई, सामजिक परीक्षण मार्फत पारदर्शी बनाउनु पर्ने ।
- स्थानीय निकायले प्रदान गर्ने सेवासुविधा प्राप्त गर्न आवश्यक प्रक्रियाबारे स्पष्ट हुनु पर्ने
- लक्षित समूह तथा पिछीडिएको वर्गको लागि व्यवस्था गरिएको रकमको सदुपयोग गर्न लगाउनु पर्ने ।
- समाजमा भएका छुवाछुत तथा भेदभावलाई जनपरिचालनको माध्यमबाट हटाउन तथा घटाउन लगाउने ।
- गरीब, महिला तथा पछाडि पारिएका समुदायलाई स्थानीय निकायको हरेक क्रियाकलापमा पहुँच बढाउने ।
- स्थानीय निकायको काम कारवाहीलाई सरल तथा सहज बनाउन सामाजिक परिचालनका माध्यमबाट दवाव सिर्जना गर्ने ।
- समुदायमा सूचनामूलक तथा चेतनामूलक कार्य गर्ने ।

## अभिमुखीकरण कार्यक्रम सम्पन्न:

स्थानीय निकायको कानुनी तथा नितिगत व्यवस्था पालना अनुगमन कार्यक्रम अन्तर्गत २०७२ साल श्रावण १ गते देखि सञ्चालन भएको कार्यक्रमहरूबारे जानकारी गराउन स्थानीय निकायहरूसँग बिभिन्न मितिमा धनकुटा जिल्लाको जिल्ला विकास समिति, धनकुटा , कुरूले तेनुपा, मुढेबास, बसन्तटार, राजारानी, बोधे, मौनाबुधुक, बुढीमोरङ्, महाभारत, आहाले, हात्तीखर्क, ताँखुवा, तेलिया, परेवादिन, मारेककटहरे, चानुवा, डाँडागाउँ, लेगुवा, आँखीसल्ला, खोकु, छिन्ताङ्ग र चुङ्गबाङ्ग गाविसहरू अभिमुखीकरण कार्यक्रम आयोजना गरेको थियो ।

उक्त कार्यक्रममा स्थानीय निकायसँग समन्वय गरि नागरिक सेवा बिस्तारमा सहयोग गर्ने जसमा सेवा प्रदायक निकायहरूले दिने सेवाका बारेमा नागरिकहरूलाई सचेत बनाई सेवा लिन सहज बनाउने, कार्यक्रमहरूमा तालिम, सचेतीकरण कार्यक्रम, सिकाई आदानप्रदान, स्थानीय निकायका कामहरूको नितिगत व्यवस्था पालना अनुगमन तथा समस्याहरूमा सहजीकरणबारेको कार्ययोजनाहरू प्रस्तुत गरिएको थियो ।

स्थानीय निकायहरूबाट पनि सहजीकरणको लागि सुझावहरू दिइएको थियो जसले गर्दा समस्या पहिचान गरि कार्यक्रम अगाडि बढाउन मद्दत पुगेको थियो । उक्त कार्यक्रमको सहजीकरण जनहित असल शासन क्लबका कार्यक्रम संयोजक श्री हुकुमप्रसाद दाहाल, जवाफदेहिता अधिकृतद्वय लक्ष्मीप्रसाद भट्टराई र दुर्गाबहादुर लिम्बूबाट भएको थियो ।

## आधारभुत सर्वेक्षण :

जनहित असल शासन क्लव धनकुटाले परियोजनाको शुरुवातमा गाविसहरूमा नीतिगत ब्यवस्था पालना सम्वन्धि आधारभुत सर्वेक्षण कार्य सम्पन्न गरेको छ । आधारभुत सर्वेक्षणबाट स्थानीय निकाय हरूमा कानूनी तथा नीतिगत ब्यवस्था परिपालना सम्वन्धि सुचकहरूका आधारमा सर्भेक्षण गरि परियोजना सञ्चालनका लागि आवश्यक सुचनाहरू प्राप्त गरिएको थियो ।

## जवाफदेहिताका औजारहरू सम्वन्धी क्षमता अभिवृद्धि तालिम सम्पन्न :

जवाफदेहिताका औजारहरू बिषयमा एकदिने क्षमता अभिबृद्धि तालिम लेगुवा गा.बि.स , हात्तिखर्क, बोधे र मौनाबुधुक गा.बि.स हरूमा सम्पन्न भएको छ ।

उक्त तालिममा वडा नागरिक मञ्च , नागरिक सचेतना केन्द्र, सामाजीक परिचालक र गा.बि.स कर्मचारीहरूलाई सार्वजनिक परिक्षण कार्यविधि २०६७ बमोजिमका प्रावधानहरूको बारेमा अभिमुखीकरण गर्नुका साथै यस्को अभ्यास समेत गराइएको थियो ।

उक्त तालिमहरूको सहजीकरण जनहित असल शासन क्लबका कार्यक्रम संयोजक हुकुमप्रसाद दाहाल, जवाफदेहिता अधिकृतद्धय लक्ष्मीप्रसाद भट्टराई र दुर्गाबहादुर लिम्बूबाट भएको थियो ।

## सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण :

जनहित असल शासन क्लबले स्थानीय निकायको जवाफदेहिता वृद्धिका लागि मुर्तिढुङ्गा गाविसको सहयोग तथा कालीका जनजागरण क्लवको समन्वयमा आयोजना गरिएको मुर्तिढुङ्गा गाविसको सार्वजनिक सुनुवाई कार्यक्रममा सहजीकरण गरेको छ ।

२०७२ असोज ३ गते संपन्न उक्त कार्यक्रममा सहभागिहरूले आफ्ना समस्या, गुनासा एवं सुझवहरू गाविस सचिव समक्ष राखेका थिए भने गाविस सचिवले नागरिकका समस्याहरूलाई सम्वोधन गर्ने प्रतिबद्धता समेत गर्नुभएको थियो ।

## विश्व धुम्रपानरहित दिवसको अवसरमा आयोजित प्रभातफेरी कार्यक्रम सम्पन्न :

धनकुटा/स्वास्थ्य अधिकार सुर्ति नियन्त्रण (HRTC) जिल्ला सञ्जाल, धनकुटाले जनहित असल शासन क्लव धनकुटासँगको सहकार्यमा विश्व धुम्रपानरहित दिवसको अवसरमा धनकुटामा प्रभातफेरी कार्यक्रम २०७२ जेठ १७ गते अर्थात मे ३१ तारिखको दिन सम्पन्न गरेको छ ।

प्रभातफेरी कार्यक्रमको अवसरमा २०७२ जेठ १७ गते बिहान जिल्ला अस्पताल धनकुटाको प्राङ्गणबाट "सुर्तिजन्य पदार्थको अवैधानिक ब्यापार रोकौं" भन्ने मूल नाराका साथ विहान ८ बजे शुरूभएको प्रभातफेरी कार्यक्रम १० बजे कोणसभा पश्चात सम्पन्न भएको थियो । कार्यक्रममा विभिन्न चित्रमुलक, सन्देशमुलक प्लेकार्डहरू,बिभिन्न संघ संस्था एवं कार्यालयका ब्यानर र पोष्टरहरूको प्रदर्शनी समेत गरिएको थियो । साथै प्रभातफरी कार्यक्रममा धुम्रपान सम्वन्धि जनचेतनामूलक पोष्टर, सन्देशमूलक चित्र अंकित पर्चा समेत बिभिन्न पसल तथा सर्वसाधारणमा जानकारी गराउनुको साथै बितरण समेत गरिएको थियो ।

जिल्ला स्वास्थ्य कार्यालय धनकुटाको आयोजनामा सञ्चालित उक्त कार्यक्रममा स्वस्थ्य अधिकार सुर्ति नियन्त्रण HRTC जिल्ला सञ्जाल धनकुटा, नेपाल अर्बुद रोग निवारण संस्था, धनकुटा, धनकुटा हेल्थ ईन्सटिच्युट लगायत संध संस्था समेतको सहकार्यमा सम्पन्न कार्यक्रममा बिभिन्न संघ संस्थाको सहभागिता थियो । धनकुटा स्थित बिभिन्न सरकारी कार्यालयका प्रतिनिधि, संघसंस्थाका प्रतिनिधि, शिक्षक, विद्यार्थी लगायतको उपस्थिति रहेको प्रभातफेरी कार्यक्रम धनकुटा अस्पतालबाट शुरूभई मदन चौक, बसपार्क, धनकुटा बजार, भीमनारायण चौक लगायत बजारको बिभिन्न स्थान परिक्रमा गरि पुन जिल्ला अस्पताल आईपुगेर कोण सभामा परिणत भएको थियो ।

नगर परिक्रमा पश्चात सम्पन्न कोण सभामा बोल्नुहुदै बिभिन्न कार्यालयका प्रमुख, संघ संस्था प्रमुख तथा प्रतिनिधिहरूले सुर्तिजन्य पदार्थको अबैधानिक ब्यापार रोक्नुपर्ने, सुर्तिजन्य पदार्थ नियन्त्रण नियमन ऐन कार्यान्वयनमा जोड दिनुपर्ने, सुर्तिजन्य वस्तु नियन्त्रणका लागि जनचेतनामूलक कार्य गरी यसलाई नियन्त्रण गर्नुपर्ने कुरामा जोड दिएका थिए । सुर्ती तथा सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन

ऐन कार्यान्वयनमा सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट,न्यापर्स, पेटी तथा पार्सल प्याकजिङ्मा कम्तीमा ९० प्रतिशत भाग चेतनामुलक सन्देश वा चित्र भएको सुर्तीजन्य पदार्थको मात्र बिक्रि गर्न पाईने र चेतनामुलक चित्र नभएका गैरकानूनी सुर्तीजन्य बस्तु बिक्रि गर्न नहुने कानूनी प्रावधानका बारेमा समेत सर्वसाधारण लाई प्रचार प्रसार गरि जानकारी गराइएको थियो ।

## जनहित असल शासन क्लवको बार्षिक उत्सव कार्यक्रम सम्पन्न :

धनकुटा । २०७२ भाद्र ११ गते जनहित असल शासन क्लबको १५ औं वार्षिकोत्सव कार्यक्रम सम्पन भएको छ ।

वार्षिकोत्सव कार्यक्रमको अवसरमा कुरूले तेनुपामा आयोजित कार्यक्रममा जेष्ठ नागरिक सम्मान तथा बिद्यार्थी छात्रबृत्ति कार्यक्रमको आयोजना गरिएको थियो ।

सम्मान पाउने ज्येष्ठ नागरिकहरूमा कुरूले तेनुपा वडा नं. ९ का रिन्द्रिमाया लिम्बु, धनमाया भण्डारी, लक्ष्मीप्रसाद काफ्ले र जीतमान लिम्बु गरी चार जना, वडा नं. ४ का तारानाथ अधिकारी, मन्दोदरा भण्डारी र टंकबहादुर आचार्य गरी ३ जना, वडा नं. ५ का शुकरानी लिम्बु र हरिमाया अर्याल गरी २ जना, वडा नं. ३ का इन्द्रबहादुर मगर तथा वडा नं. १ का केशरमान विक र कमलापति बराल गरी जम्मा १२ जना रहनुभएको छ । उहाँहरूलाई गाविसको अभिलेखानुसार जेष्ठताको आधारमा सम्मान गर्न सिफारिस गरिएको हो ।

यसैगरी विद्यार्थी छात्रवृत्ति पाउने विद्यार्थीहरूमा कुरूले तेनुपा उच्च मावि कक्षा ९ का छात्र कञ्चन लिम्बु, जनसेवा निमावि, बाजथला कक्षा ७ का छात्र सञ्जय मोक्तान, जनकल्याण निमावि बरगाछी कक्षा ६ की छात्रा अञ्जना लिम्बु, त्रैलोक्यश्वर प्रावि, भैंसेटार कक्षा ५ का छात्र रविन माझी, जानकी बुढासुब्बा प्रावि कक्षा ३ का छात्र दिपेश लिम्बु, बुद्ध प्रावि भदौरे कक्षा ३ का छात्र सुजन तामाङ, जालपादेवी प्रावि, सुरूङ्गी कक्षा ३ की छात्रा उषा मगर, जनज्योती प्रावि, तीनजुरे कक्षा ३ का छात्र विशाल तामाङ, संयुक्त ग्रामिण जनता प्रावि, मानेडाँडा कक्षा ३ की छात्रा सम्झना योञ्जन, जीवनज्योती प्रावि, तल्लो सोगुम कक्षा ३ का छात्र अबिर तमाङ, सरस्वती प्रावि, फलामेटार कक्षा २ का छात्र अनिल माझी र जनता प्रावि, बाँसपानी कक्षा २ की छात्रा कुशुम मग्रान्तीलाई छात्रवृत्ति प्रदान गर्ने सिफारिस भएको छ । सम्बन्धित विद्यालयको व्यवस्थापन समितिले सिफारिस गरेका २४ जना विद्यार्थीमध्येबाट उनीहरू छात्रवृत्तिको लागि चयन भएका हुन् ।

कुरूले तेनुपाबासीहरूको संयुक्त सहयोगमा २०६८ सालमा स्थापित अक्षय कोषको ब्याजबाट हरेक वर्ष जेष्ठ नागरिक सम्मान तथा विद्यार्थी छात्रवृत्ति कार्यक्रम सञ्चालन हुँदै आएकोछ । अक्षयकोषमा हाल बैंकमा ३ लाख ८ हजार ६३ रूपैयाँको अक्षय कोष रहेको छ ।

कार्यक्रममा अक्षय कोषको लागि यस वर्ष नगद सहयोग गर्नुहुने महानुभावहरूलाई प्रशंसा पत्र समेत प्रदान गरिएको छ । यस वर्ष कोषमा सहयोग गर्नुहुने महानुभावहरू २१ जना रहनुभएको छ । कुरूले तेनुपा वडा नं. ६ स्थायी घर भई हाल मलेसियामा रहनु भएकी कौशिला याखाले रू १२ हजार ३५ रूपैया पठाई सहयोग गर्नुभएको छ जुन अहिलेसम्मकै सबैभन्दा बढी सहयोग रकम हो । हालसम्म अक्षय कोषको लागि कूरूले तेनुपा स्थायी ठेगाना भई विभिन्न स्थानमा रहनु भएका २६३ जना महानुभावहरूबाट ३ लाख ८ हजार ६३ रूपैया नगद संकलन भएको छ । वार्षिक बैंकबाट प्राप्त २७ हजार रूपैया ब्याजबाट छात्रवृत्ति तथा प्रोत्साहन भत्ता वितरण गरिएको हो ।

## स्वास्थ्य अधिकार सम्वन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न

धनकुटा । जनहित असल शासन क्लव धनकुटाको संयोजकत्वमा रहेको स्वास्थ्य अधिकार सुर्ति नियन्त्रण (HRTC) जिल्ला सञ्जाल, धनकुटाले प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र (RECPHEC) काठमाडौंको सहयोग तथा परेवादिन स्वास्थ्य चौकि तथा हात्तिखर्क स्वास्थ्य चौकीसँगको समन्वयमा २०७२ असोज १३ र १४ गते स्वास्थ्य अधिकार सम्वन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा स्वास्थ्य चौकी व्यबस्थापन समितिका पदाधिकारी  गाविस सचिव, स्वास्थ्य चौकी प्रमुख, महिला स्वास्थ्य स्वयंसेविका, आमा समुह, बिद्यार्थी, लगायतको सहभागिता थियो ।

कार्यक्रममा नागरिकको स्वास्थ्य अधिकार, स्वास्थ्य सेवामा नागरिक पहुँच, नागरिक अधिकार तथा दायित्व सम्वन्धि बिषयमा अभिमुखिकरण गरिएको थियो । परेवादिन तथा हात्तिखर्क गाविसमा सञ्चालित कार्यक्रममा स्वास्थ्य चौकी प्रमुखले स्वास्थ्य केन्द्रबाट प्रवाहित सेवाहरू, हाल सम्मका उपलब्धि तथा चुनौतीका बारेमा प्रस्तुती गर्नुभएको थियो । यसैगरी स्वास्थ्य अधिकार सम्वन्धि बिषयमा स्वास्थ्य अधिकार सुर्ति नियन्त्रण जिल्ला सञ्जाल, धनकुटाका उपाध्यक्ष रिजन पोखरल तथा सञ्जाल सदस्य हुकुमप्रसाद दाहालले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा सहभागिहरूले नागरिकको स्वास्थ्य अधिकार प्राप्तीकालागि स्थानिय तह देखिनै सचेत हुनुपर्ने धारणा राखेका थिए भने सूर्तिजन्य पदार्थ नियन्त्रणकालागि ऐन कानून अनुसार कार्यान्वयनमा जोड दिनुपर्ने उनीहरूको भनाई थियो ।

**स्थानीय निकायहरुद्वारा सञ्चालन हुने सार्वजनिक परिक्षण, सामाजिक परिक्षण,सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरुमा नागरिक सहभागिता वृद्धिगरी स्थानीय निकाय द्वरा सम्पादन भएका कार्यहरुमा पृष्ठपोषण प्रदानगर्नु पनि नागरिक दायित्व हो ।**

**सार्वजनिक हितका लागि**
**सुशासन दर्पण** **बुलेटिनद्वारा प्रकाशित**

**सल्लाहकारहरू :** कमलादेवी काफ्ले, केशव काफ्ले, नोदनाथ त्रिताल, भोजकुमार काफ्ले **सम्पादक :** हुकुमप्रसाद दाहाल
**सम्पादन सहयोगी :** लक्ष्मीप्रसाद भट्टराई, दुर्गाबहादुर लिम्बु, श्रीकुमार खुलाल, सुशीला त्रिताल, **कम्प्युटर लेआउट :** हरिबहादुर लम्जेल
**प्रिन्टिङ्ग :** जनविश्वास अपसेट प्रेस, धनकुटा, **सम्पर्क ठेगाना :** जनहित असल शासन क्लब, कुरुले तेनुपा **धनकुटा सम्पर्क कार्यालय :** धनकुटा ७,
**फोन नं. :** ०२६५२०७४०, हुलाकटोल, **इमेल :** janahitggc@gmail.com, **वेबसाइट :** www.janahitggc.org.np